# नेपाल माझी महिला उत्थान संघ

## पृष्ठभूमि :

माझी जाति नेपालका ५९ आदिबासी जनजातिमध्ये एक आदिवासी जनजाति हो र यसलाई नेपाल सरकारले अति सिमान्तकृत समूहमा वर्गिकृत गरेको छ। नेपालको विभिन्न भु-भागमा छरिएर रहे तापनि माझी जातिको पुर्ख्यौली बसोबास थलो सप्तकोशीको सहायक नदी किनार मानिन्छ । २०५८ सालको जनगणनाअनुसार नेपालको ६८ जिल्ला ५८८ गा.बि.स.मा बसोबास गर्न पुगेका छन् । जसअनुसार सिन्धुली, मोरङ ,रामेछाप ,सिन्धुपाल्चोक , सर्लाही, झापा, रौतहट, सुनसरी, मकवानपुर, उदयपुर, काभ्रे, बारा, काठमाडौ, रूपन्देही, धनुषा, पर्सा, ओखलढुंगा, महोत्तरी, खोटाङ, धनकुटा, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी, पाँचथर, धादिङ, सिराहा, नुवाकोट, ललितपुर र पर्वतमा बढी जनघनत्व भएको देखिन्छ भने नेपालबाट भारत र भुटानमा समेत बसोबास गर्न पुगेका छन् ।२०५८ सालको जनगणना अनुसार माझी जातिको जनसंख्या ६८ जिल्ला ५८८ गा. बि.स.मा जम्मा ७२,६१४ छ जसमा पुरूष ३६,३६७ महिला ३६,२४७ संख्यामा छन् ।

विशेष गरेर सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मोरड., उदयपुर आदि जिल्लाहरूमा यी जातिको बाक्लो बसोबास रहेको पाइन्छ। माझी जातिको आफ्नै मौलिक संस्कार, संस्कृति तथा जीवन पद्धति रहदै आएको छ । तथापि यो जाति आर्थिक, शैक्षिक, सामाजिक, राजनैतिक हरेक पक्षमा पछाडि परेको छ अथवा पारिएको छ। माझी जातिको भाषा, धर्म, संस्कार, संस्कृति रहनसहन परम्परा लोप हुने अवस्थामा पुगेको छ । त्यसैपनि महिलाहरूको अवस्था ज्यादै नाजुक रहेको हाम्रो मूलुकमा माझी महिलाहरूको अवस्था अझ नाजुक छ। यसैले माझी महिलाहरूलाई सचेत बनाई उनीहरूको आर्थिक, शैक्षिक, सामाजिक स्तर बृद्धि गराई देश बिकासकालागि सक्षम र सबल नागरिक बनाई अन्य जातिका महिला सरह बनाउन र माझी महिलाहरूको सर्वाङ्गिण विकास गरी देश बिकासकालागि योगदान दिने उद्बेश्यले प्रेरित भई नेपाल माझी महिला उत्थान संस्थाको स्थापना गरिएको हो। ने.मा.म.उ.सं २०५६ सालमा स्थापना भएको एक मुनाफारहित, स्वतन्त्ररूपले कार्य गर्ने गैर सरकारी संस्था हो।

## सांगठनिक ढाँचा

केन्द्रिय कार्यकारिणी समिति

↓

जिल्ला समिति

↓

प्रारम्भिक इकाई समिति
(गा.वि.स./नगरपालिका)

## जातीय परिचय :
माझी जाति आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति, रितिरिवाज र परम्परा भएको नेपालको एक पुरानो आदिवासी जनजाति हो । यस जातिको भेषभूषा, गरगहना, खानपिन, पाहुना सत्कार, सामाजिक संरचना समेत आफ्नै किसिमको छ ।

## जातीय विषेशता :
सोझोपन, सरल व्यबहार, छलकपट नजान्ने इमान्दारिता नै यस जातिका मुख्य विशेषताहरू हुन् ।

## प्रमुख पेशा :
माझी जातिको मुख्य पेशा डुङ्गा चलाउनु, माछा मार्नु, मर्चा बनाउनु र खेतीपाती गर्नु हो । हाल आएर अन्य बिभिन्न व्यवसाय पनि अपनाएका छन् ।

## जिल्ला समिति गठन भएका जिल्लाहरू :
हालसम्म नेपाल माझी महिला उत्थान संघको जिल्ला समितिहरू काभ्रे, सिन्धुपाल्चोक, धनकुटा, पाँचथर, मकवानपुर, सुनसरी, झापा, मोरङ, सर्लाही, रामेछाप र सिन्धुलीमा गठन भैसकेका छन् ।

## लक्ष्य :
माझी महिलाहरूको समग्र विकासगरी अन्य जातिको महिलाहरूको दाँजोमा पुऱ्याउँने ।

## उदेश्यहरू :
(क) माझी महिला समुदायमा एकता कायम गरी आपसी झैझगडा सुल्झाउने ।
(ख) स्वास्थ्य, शिक्षा, आर्थिक, सामाजिक र अन्य बिभिन्न बिषयमा चेतना अभिबृद्धि गराउने ।
(ग) भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने ।
(घ) समान उदेश्य भएका संघ संस्थाहरूसंग समन्वय कायम गर्ने ।
(ङ) माझी महिलाहरूको समस्या पहिचानगरी समाधानकालागि उपाय र स्रोत साधनको खोजी गर्ने ।
(च) माझी महिलाहरूलाई आफ्नो हक, अधिकार र सामाजिक न्याय प्राप्ति र लैंिक विभेद कुसंस्कार निर्मूल पार्न शसक्तरूपमा आवाज उठाउन सक्षम बनाउने ।
(छ) प्रचलित ऐन कानुन र नियमको परिधिभित्र रही शैक्षिक, आर्थिक, सामाजिक स्तर बृद्धि, दिगो शान्ति र लोकतान्त्रिक अभ्यासको लागि उपयुक्त कार्यक्रम र सामाजिक कार्यहरू गर्ने ।
(ज) यो संस्था मुनाफारहित जनहितकारी हुनेछ ।

## क्रियाकलापहरू :
माझी महिला उत्थान संघद्वारा संचालन हुने कार्यक्रमहरू :

१. माझी महिलाहरूमा चेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरू संचालन गर्ने ।
२. माझी महिलाहरूलाई आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तिकरण गर्ने खालका कार्यक्रमहरू गर्ने ।

३.माझी महिलाका भाषा तथा संस्कृति जर्गेना गर्नेमा प्रोत्साहन दिने खालका कार्यक्रमहरू संचालन गर्ने ।
४.जनजाति तथा गैरजनजाति महिलाहरूको हक अधिकार प्राप्तिकालागि भएका आन्दोलनमा सक्रिय रूपमा सहभागि हुने ।
५.संगठनको विस्तार र विकासका लागि विभिन्न जिल्लाहरूमा गठन भएका जिल्ला समितिहरूको संस्थागत विकास गर्ने र बाँकी रहेका जिल्लाहरूमा समिति, नगर विकास समिति र गाउँ विकास इकाई समितिहरू गठन र विस्तार गर्ने ।
६. माझी महिला उत्थान संघसँग साझा सवालहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्दै जाने ।
७ माझी महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण गर्दै जाने ।

## कार्यक्रमका मुख्य उपलब्धिहरू :

१. माझी महिलाहरू आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तिकरण भएका हुनेछन् ।

२.माझी महिला उत्थान संघको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र

विकास भएको हुनेछ ।

३.माझी महिलाहरू ले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.माझी महिलाहरूको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।
५.माझी महिलाहरूको हक र अधिकार स्थापित भएको हुनेछ ।
६. माझी महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**ठेगाना :** काठमाडौ महानगरपालिका वार्ड नं. ५ चण्डोल ।
फोन न. 01 4442997, मोवाइल न. 9851044419